# नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

# नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# विषयसुची


| | | |
|---|---|---|
| परिच्छेद — १ | प्रारम्भिक | १ |
| परिच्छेद - २ | परियोजना प्रस्ताव | ५ |
| परिच्छेद - ३ | कार्यक्रम व्यवस्थापन | ८ |
| परिच्छेद - ४ | वित्तीय व्यवस्थापन | १४ |
| परिच्छेद - ५ | नवप्रवर्तनका क्षेत्रहरु | १७ |

**अनुसूचीहरू**

| | | |
|---|---|---|
| अनुसूची - १ | अवधारणा पत्रको ढाँचा | १८ |
| अनुसूची - २ | अवधारणापत्र मूल्याङ्कनका आधारहरू | २१ |
| अनुसूची - ३ | पूर्ण प्रस्तावको ढाँचा | २५ |
| अनुसूची - ४ | पूर्ण प्रस्ताव मूल्याङ्कनका आधारहरू | ३१ |
| अनुसूची - ५ | नवप्रवर्तनका केही सम्भावित विषय क्षेत्रहरु | ३६ |
| अनुसूची - ६ | मध्यावधि/अन्तिम प्रगति प्रतिवेदनको सामान्य ढाँचा | ३८ |
| अनुसूची - ७ | नवप्रवर्तन साझेदारी कोषसँग सम्बन्धित संभावित जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरू | ४९ |

# नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८

प्रस्तावना: स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझेदारी कोषका माध्यमबाट प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्न वाञ्छनीय भएकोले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

क. "आवेदक" भन्नाले यस निर्देशिका बमोजिम परियोजना प्रस्ताव पेश गर्ने स्थानीय तह सम्झनु पर्छ । यस शब्दले दुई वा सोभन्दा बढी स्थानीय तह मिली परियोजना प्रस्ताव पेश गर्ने आवेदक समेतलाई जनाउँछ ।

ख. "अवधारणा पत्र" भन्नाले विस्तृत परियोजना प्रस्ताव पेश गर्नु अघि यस निर्देशिकाको अनुसूची १ बमोजिम पेश गरिने परियोजनाको संक्षिप्त परिचय, उद्देश्य, लागत, प्रतिफल, उपलब्धी एवं कार्यान्वयनको ढाँचा तथा तौरतरिका समेत उल्लेख भएको संक्षिप्त परियोजना प्रस्तावलाई सम्झनु पर्छ ।

ग. "लागत सहभागिता" भन्नाले यस निर्देशिका बमोजिम नवप्रवर्तन साझेदारी कोषमा प्रस्ताव पेश गर्ने आवेदकले व्यहोर्नु पर्ने कुल परियोजना लागतको निश्चित प्रतिशत लागत सहभागितालाई सम्झनु पर्छ । यस शब्दले स्थानीय तहसँग अन्य साझेदार संस्थाले व्यहोर्नुपर्ने लागत हिस्सेदारीलाई समेत जनाउँछ ।

घ. "परियोजना अनुदान" भन्नाले यस कार्यविधि बमोजिम परियोजना सञ्चालन गर्न नवप्रवर्तन साझेदारी कोषबाट स्थानीय तहलाई उपलब्ध गराउने रकमलाई सम्झनु पर्छ ।

ङ. "पूर्ण प्रस्ताव" भन्नाले यस निर्देशिकाको अनुसूची ३ बमोजिम पेश गरिने परियोजनाको संक्षिप्त परिचय, उद्देश्य, लागत, प्रतिफल, उपलव्धी एवं कार्यान्वयनको ढाँचा तथा तौरतरिका समेत उल्लेख भएको पूर्ण परियोजना प्रस्तावलाई सम्झनु पर्छ ।

च. "नवप्रवर्तन" भन्नाले नवीनतम सोच, नवीनतम अवधारणा, नवीनतम प्रविधिको माध्यमबाट भिन्न तवरले गरिने कार्यलाई सम्झनु पर्छ । यस शब्दले सार्वजनिक सुशासन, स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, दक्ष र प्रभावकारी बनाउन उपयोगमा ल्याइने नयाँ प्रविधि, नयाँ ज्ञान, विधि, तौरतरिका, सीप, अवधारणा, सिर्जनशील क्रियाकलापलाई समेत जनाउँछ ।

छ. "नवप्रवर्तन साझेदारी कोष" भन्नाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तथा यस निर्देशिकामा व्यवस्था गरिएको साझेदारी कोषलाई सम्झनु पर्छ ।

ज. "स्थानीय आर्थिक विकास" भन्नाले स्थानीय तहमा सीप विकास, औद्योगिक विकास, बजार विकास, उद्यमशीलताको प्रवर्द्धन आदिका माध्यमबाट स्थानीय समुदायको रोजगारी, आयवृद्धि र स्थानीय क्षेत्रको आर्थिक समृद्धिलाई योगदान दिने कार्यक्रमलाई सम्झनु पर्छ ।

झ. "स्थानीय तह" भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ। सो शब्दले महानगरपालिका तथा उपमहानगरपालिका समेतलाई जनाउँछ।

ञ. "आन्तरिक आय" भन्नाले स्थानीय तहले उठाई खर्च गर्न पाउने स्थानीय कर तथा सेवा शुल्कबाट सङ्कलन भएको रकम सम्झनु पर्छ ।

ट. "स्थानीय सेवा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ बमोजिम गाउँपालिका तथा नगरपालिकाको जिम्मेवारीमा परेका स्थानीय तहका कार्यक्षेत्रलाई सम्झनु पर्छ । यस शब्दले स्थानीय तहले प्रचलित कानून बमोजिम उपलव्ध गराउने अन्य सेवालाई समेत जनाउँदछ ।

ठ. "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

ड. "राष्ट्रिय निर्देशक समिति" भन्नाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लिखित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्रीको अध्यक्षतामा रहेको समिति सम्झनु पर्छ ।

ढ. "राष्ट्रिय कार्यकारी समिति" भन्नाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लिखित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा रहेको समिति सम्झनु पर्छ ।

ण. "प्रदेश कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लिखित मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहेको कार्यक्रम कार्यान्वयन इकाई सम्झनु पर्छ ।

त. "प्रदेश समन्वय समिति" भन्नाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लिखित मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश समन्वय समिति सम्झना पर्छ ।

थ. "नवप्रवर्तन साझेदारी कोष प्राविधिक समिति" भन्नाले दफा १३ बमोजिमको समिति सम्झनु पर्छ

द. "कार्यक्रम दस्तावेज" भन्नाले नेपाल सरकार र विकास साझेदारहरुबीच सहमति तथा हस्ताक्षर भई कार्यान्वयनमा आएको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेज सम्झनुपर्छ ।"

ध. "न्यून स्रोत-साधन स्थानीय तह" भन्नाले वार्षिक आन्तरिक आय रु. २५ लाखभन्दा कम भएका स्थानीय तह सम्झनुपर्छ ।

३. कोषका उद्देश्यहरू: नवप्रवर्तन साझेदारी कोषका उद्देश्यहरू देहाय अनुसार हुनेछन् :-

क. सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्नु,

ख. नवप्रवर्तनका लागि स्थानीय/प्रदेश तहहरूबीच, स्थानीय तहहरू एक-अर्का बीच एवं स्थानीय तह तथा निजी क्षेत्रबीच सहकार्य र सहलगानी प्रवर्द्धन गर्नु

४. कोषका मार्गदर्शक सिद्धान्त: नवप्रवर्तन साझेदारी कोषले देहायका मार्गदर्शक सिद्धान्तलाई अवलम्बन गर्नेछ :-

क. कोष सुशासनका नवीनतम आयामको प्रयोग, सार्वजनिक सेवा प्रवाहको नवीनतम अवधारणाको अभ्यास तथा अनुवर्तन र स्थानीय आर्थिक विकासको प्रवर्द्धनको निमित्त नवप्रवर्तनको अवधारणालाई संस्थागत गर्ने विशेष उद्देश्य लिएर गठित संयन्त्र हुनेछ र यसले आफ्नो संरचना र आफ्ना क्रियाकलापहरूमा प्रदेश तथा स्थानीय तहको स्वामित्व बढाउन प्रोत्साहित गर्नेछ ।

ख. कोषले सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासको क्षेत्रमा समुदाय तथा निजी क्षेत्रसमेतलाई साथ लिएर नवीनतम सोँच र अवधारणा सहितका नवप्रवर्तनकारी योजना कार्यान्वयन गर्ने क्षमता विकास गर्न आफुलाई स्थापित गर्दै जोखिम वहन कोषका रूपमा स्थानीय तहलाई सहयोग गर्नेछ ।

ग. कोषको कार्यसञ्चालन पद्धति, कार्यक्रम छनौट, प्राथमिकता निर्धारण एवं रकम विनियोजन जस्ता कुरामा केन्द्र निर्देशित भन्दा पनि स्थानीय तथा प्रदेश सरकारका आफ्ना आवश्यकता र प्राथमिकतामा आधारित तौर–तरिका लागू हुनेछन् ।

घ. कोषले अन्तर स्थानीय तहमा नवीनतम अभ्यास र सिकाई आदानप्रदान गर्न स्थानीय तहलाई अवसर उपलब्ध गराउनेछ ।

ङ. कोषले कुनै एक स्थानीय तहका असल अभ्यासहरूलाई अन्य स्थानीय तहमा विस्तार गर्न, सफल अभ्यासहरुलाई प्रदेश तथा सङ्घीय सरकारमा स्तरोन्नति गर्न र असफलताका पाठहरुबारे अन्य स्थानीय तहलाई सूचित गर्नका लागि सहजीकरण गर्नेछ ।

च. कोषले स्थानीय तहको नियमित बजेट तथा कार्यक्रमलाई प्रतिस्थापन गर्ने छैन र दोहोरोपना हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैन ।

## परिच्छेद - २

## परियोजना प्रस्ताव

५. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) कोषबाट कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहलाई लक्षित गरी प्रदेश कार्यक्रम कार्यान्वयन इकाईले आफ्नो वेबसाईट तथा प्रदेश तथा राष्ट्रिय स्तरका पत्रपत्रिका मार्फत १५ दिनको समय दिई अनुसूची १ बमोजिमको अवधारण पत्र पेश गर्न सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ ।

६. **अवधारणा पत्र तथा पूर्ण प्रस्ताव पेश गर्नेः** (१) कोषबाट परियोजना सञ्चालन गर्न चाहने आवेदकले प्रदेश स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेको प्रदेश कार्यक्रम कार्यान्वयन इकाईमा दफा ५ बमोजिमको अवधिभित्र अनुसूची १ बमोजिमको ढाँचामा अवधारणा पत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार प्राप्त अवधारणापत्रहरू ७ दिनभित्र अनुसूची २ अनुसारका सूचक बमोजिम नवप्रवर्तन साझेदारी कोष प्राविधिक समितले मूल्याङ्कन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कनमा ग्राह्य भएका आवेदकलाई प्रदेश कार्यक्रम कार्यान्वयन इकाईले आफ्नो वेबसाईट तथा पत्रपत्रिका मार्फत १५ दिनको समय दिई अनुसूची ३ बमोजिमको पूर्ण प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त पूर्ण प्रस्तावहरू नवप्रवर्तन साझेदारी कोष प्राविधिक समितिले अनुसूची ४ मा उल्लिखित मूल्याङ्कन आधार बमोजिम ७ दिनभित्र मूल्याङ्कन गरी प्रदेश समन्वय समितिमा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम नवप्रवर्तन साझेदारी कोष प्राविधिक समितिबाट प्राप्त प्रस्तावहरूलाई प्रदेश समन्वय समितिले ७ दिन भित्र स्वीकृत गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश समन्वय समितिबाट स्वीकृत प्रस्तावको जानकारी प्रदेश कार्यक्रम कार्यान्वयन इकाईले आफ्नो वेबसाईट र लिखित पत्रबाट आवेदकहरुलाई जानकारी गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रस्ताव स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र सम्बन्धित आवेदकले प्रदेश कार्यक्रम कार्यान्वयन समन्वय इकाईसँग परियोजना कार्यान्वयनको सम्झौता गर्नुपर्नेछ ।

७. **ग्राह्य प्रस्तावहरू:** (१) कोषमा स्थानीय तहको एकल प्रस्ताव र दुई वा दुई भन्दा बढी स्थानीय तहहरूको संयुक्त परियोजना प्रस्तावहरू पेश गर्न सकिनेछ ।

(२) परियोजना प्रस्तावहरु यो निर्देशिका बमोजिम स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह र स्थानीय आर्थिक विकासको क्षेत्रमा नव-प्रवर्तनको प्रवेश वा प्रयोग हुने नवीन प्रकृतिका कामसँग सम्बन्धित हुनुपर्नेछ ।

तर भौतिक पूर्वाधार संरचना निर्माण, सवारी साधन खरिद, कर्मचारीको नियमित तलब आदि कार्यमा कोषको रकम खर्च गर्ने प्रकृतिका प्रस्ताव स्वीकृतिका लागि ग्राह्य हुनेछैनन् ।

(३) स्थानीय तहले एकल परियोजना प्रस्ताव पेश गर्दा गैर सरकारी संस्था वा सहकारी वा निजी क्षेत्रका सङ्घसंस्थासँग लागत साझेदारीमा आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना सञ्चालन गर्न सक्नेगरी प्रस्ताव पेश गर्ने सक्नेछन् ।

(४) उपदफा (२) बमोजिम अन्य संस्थासँगको लागत साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा साझेदार संस्थाको लागत साझेदारी र कार्यजिम्मेवारीको स्पष्ट विवरण परियोजना प्रस्तावसाथ पेश गर्नु पर्नेछ । यसरी लागत सहभागीतामा सञ्चालन हुने परियोजनाको कूल लागतमा स्थानीय तहले व्यहोर्नु पर्ने हिस्साको कम्तिमा ३० प्रतिशत साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

(५) दुई वा दुई भन्दा बढी स्थानीय तहले लागत साझेदारीका संयुक्त परियोजना प्रस्ताव पेश गर्दा एकअर्काले व्यहोर्नुपर्ने लागत साझेदारीको हिस्सा आपसी सहमतिमा कायम गर्नु पर्नेछ ।

(६) कार्यक्रमबाट अनुदान प्राप्त गर्न यस निर्देशिकामा उल्लेखित अन्य प्रावधानका अतिरिक्त अनुसूची - २ मा उल्लिखित अवधारणापत्र मूल्याङ्कनका सबै आधारहरू पुरा गरी अनुसूची - ४ मा उल्लेखित पूर्ण प्रस्ताव मूल्याङ्कनका सूचकहरूको कूल अङ्कमा कम्तिमा ६० प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम व्यवस्थापन

८. **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः** (१) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ :-

क. कोष कार्यान्वयन निर्देशिका अनुमोदन तथा संशोधन,

ख. कोषबाट भएका कार्यको प्रगति समीक्षा,

ग. कोषबाट भएका कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण,

घ. कोषसँग सम्बन्धित केन्द्रबाट खटिने विज्ञ जनशक्तिको कार्यक्षेत्रगत शर्त स्वीकृति र परिचालन ।

(२) मन्त्रालयले कोषको प्रभावकारी कार्यान्वयनको लागि अन्य विस्तृत विषयक्षेत्रगत सञ्चालन निर्देशिका तथा स्रोत पुस्तिका स्वीकृत गरी लागू गर्न सक्नेछ ।

९. **राष्ट्रिय निर्देशक समितिः** (१) राष्ट्रिय निर्देशक समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

क. कोषलाई रणनीतिक मार्गदर्शन प्रदान गर्ने,

ख. कोषको कार्यक्रम कार्यान्वयनको लागि अन्तरसरकारी समन्वय र सहकार्य गर्ने,

ग. कोषको संस्थागत विकासको लागि नीतिगत पृष्ठपोषण प्रदान गर्ने,

घ. कोषका उत्कृष्ट सिकाई तथा अभ्यासहरूलाई सरकारका अन्य क्षेत्रमा प्रवर्द्धन गर्न सहजीकरण गर्ने,

ङ. कोषको वित्तीय सुशासनको सुनिश्चितता गर्ने,

च. कोषको उद्देश्य अनुसार रकम उपयोग नभएमा जिम्मेवार निकाय वा पदाधिकारीहरूलाई सचेत गराउने र कोषको रकम निश्चित अवधिका लागि रोक्का गर्ने,

छ. कोषबाट भएका कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गर्न लगाउने,

ज. कोषबाट भएका उत्कृष्ट सिकाई तथा अनुभवलाई प्रचार प्रसार गर्न सहयोग गर्ने ।

(२) कोषको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय निर्देशक समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

१०. राष्ट्रिय कार्यकारी समितिः (१) राष्ट्रिय कार्यकारी समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

क. कोषको कार्यान्वयन निर्देशिका स्वीकृतिका लागि मन्त्रालय समक्ष सिफारीस गर्ने,

ख. कोषको प्रदेशगत बार्षिक बजेटको बिनियोजन गर्ने,

ग. कोषबाट भएका कार्यसम्पादनको समीक्षा गरी नीतिगत मार्गदर्शन प्रदान गर्ने,

घ. कोषबाट सञ्चालित कार्यक्रमहरुको वित्तीय सुशासन सुनिश्चित गर्ने,

ङ. कोषको उद्देश्य अनुसार रकम उपयोग नभएमा जिम्मेवार निकाय वा पदाधिकारीहरूलाई जिम्मेवार बनाउन सहजीकरण गर्ने,

च. कोषबाट भएका राम्रा अभ्यास तथा सिकाईहरुलाई अन्य निकायहरुबाट सञ्चालित कार्यक्रममा समेत प्रवर्द्धन गर्ने,

छ. कोषबाट सञ्चालित कार्यक्रममा उत्कृष्ट निकाय तथा पदाधिकारीहरुलाई प्रोत्साहन गर्न मन्त्रालय समक्ष सिफारीस गर्ने ।

११. कार्यक्रम समन्वय इकाईः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यकारी समिति तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा सहयोग पुर्‍याउने जिम्मेवारी कार्यक्रम समन्वय इकाइको हुनेछ । कोषको प्रभावकारी कार्यान्वयनमा हरतरहले सहयोग, समन्वय र सहजीकरण गर्नु इकाईको कर्तव्य हुनेछ ।

१२. प्रदेश समन्वय समितिः (१) समितिले नवप्रवर्तन साझेदारी विकास कोषको बोर्डको रुपमा देहाय बमोजिमको कार्यहरु गर्नेछ :-

क. कोषबाट सञ्चालित कार्यक्रमको प्रभावकारिताको लागि प्रदेश तथा स्थानीय तहमा रणनीतिक मार्गदर्शन प्रदान गर्ने,

ख. कोषको प्रभावकारी कार्यान्वयनको लागी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह बीच समन्वय र सहकार्य गर्ने,

ग. निर्देशिकाले निर्धारण गरेको शर्त, समय र प्रकृयाहरुको पालना गर्न सरोकारवालाहरुलाई मार्गदर्शन प्रदान गर्ने,

घ. कार्यक्रमको गुणस्तरको सुनिश्चितता गर्ने,

ङ. प्राविधिक समितिबाट भएका कार्य प्रगतिको समीक्षा गर्ने,

च. कार्यक्रम कार्यान्वयन इकाईबाट सिफारिस गरिएका प्रस्तावहरुलाई यस कार्यविधि बमोजिम स्वीकृत गर्ने,

छ. कोषबाट सम्पादन भएका कार्यको मूल्याङ्कन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई नीतिगत पृष्ठपोषण प्रदान गर्ने,

ज. कोषबाट भएका परियोजनाको कार्य प्रभावकारिताको लागि स्थानीय तहलाई रणनीतिक मार्गदर्शन प्रदान गर्ने,

झ. कोषको रकम दुरुपयोग र हिनामिना भएमा जिम्मेवार पदाधिकारी र निकायहरुलाई सचेत गराउने तथा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र समितिको आन्तरिक कार्यविधि समिति आफैंले तयार गर्नेछ ।

१३. <u>नवप्रवर्तन साझेदरी कोष प्राविधिक समितिः</u> (१) प्रदेश तहमा नवप्रवर्तन साझेदारी कोष सञ्चालनका लागि प्राविधिक कार्य गर्नको निमित्त देहाय बमोजिमको नवप्रवर्तन साझेदारी कोष प्राविधिक समिति रहनेछ :-

क. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका प्रादेशिक कार्यक्रम निर्देशक - संयोजक

ख. प्रदेश नीति तथा योजना आयोगको प्रतिनिधि - सदस्य

ग. प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख - सदस्य

घ. प्रदेश स्थित सामाजिक विकास हेर्ने मन्त्रालयका वरिष्ठ महिला विकास अधिकृत - सदस्य

ङ. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका प्रादेशिक कार्यक्रम व्यवस्थापक -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार दुईजनासम्म स्वतन्त्र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) नवप्रवर्तन साझेदारी कोष प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क. आवेदकहरुबाट प्राप्त अवधारणा पत्रहरुको प्राविधिक विष्लेषण गरी स्वीकृतिको लागि प्रमुख सचिव समक्ष पेश गर्ने,

ख. परियोजनाको प्रस्ताव आह्वान सम्बन्धी प्राविधिक तथा प्रशासनिक कार्यहरु गर्ने,

ग. आवेदकहरूबाट प्राप्त पूर्ण प्रस्तावहरुको प्राविधिक मूल्याङ्कन गरी स्वीकृतिको लागि प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई मार्फत प्रदेश समन्वय समितिको बैठकमा पेश गर्ने,

घ. परियोजना कार्यान्वयनका लागि प्रस्तावक स्थानीय तहसँग सम्झौता गर्न प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने ।

१४. प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईः (१) नवप्रवर्तन साझेदारी कोषको समग्र कार्यान्वयन तथा व्यवस्थापन, प्रतिवेदन, अनुगमन, मूल्याङ्कन तथा नतिजाको सुनिश्चितताको समग्र जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा रहेको प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईको हुनेछ :-

(२) कार्यक्रम कार्यान्वयनको लागि प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईले सचिवालयको रुपमा रही यस सम्बन्धी सम्पूर्ण प्राविधिक कार्यहरु सम्पादन गर्नेछ ।

(३) प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाइको काम, कर्तव्य, जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

क. कार्यक्रमको बार्षिक कार्ययोजना र बार्षिक अनुगमन योजना स्वीकृत गराई कार्यान्वयनमा ल्याउने,

ख. यस निर्देशिका बमोजिम आवेदकहरुबाट अवधारणा पत्र लगायत परियोजना पूर्ण प्रस्तावहरु आह्वान गर्ने, मूल्याङ्कन गर्ने र स्वीकृत भएका तथा नभएका अवधारणा पत्र तथा पूर्ण प्रस्ताव बारे आवेदकलाई जानकारी गराउने,

ग. स्वीकृत भएका परियोजना प्रस्तावहरु कार्यान्वयन गर्न आवेदक स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र प्रादेशिक कार्यक्रम निर्देशकबीच सम्झौता गर्ने,

घ. कार्यक्रमहरुको नियमित अनुगमन तथा आवधिक समीक्षा गर्ने,

ङ. कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट सङ्कलन र एकिकृत गरी सम्बन्धित निकायमा पठाउने,

च. सम्झौता बमोजिमको रकम प्रचलित कानून बमोजिम आवेदकको कार्यालयमा सःशर्त अनुदानको रुपमा निकासा गर्ने व्यवस्था मिलाउने,

छ. कार्यक्रमको नतिजा र गुणस्तरको सुनिश्चितता गर्ने,

ज. कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गर्ने,

झ. स्थानीय तह, निजी क्षेत्र, सहकारी र अन्य गैर सरकारी सस्थासँग सघन समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

ञ. कार्यक्रम कार्यान्वयनको लागि आवश्यक अन्य कार्य गर्ने,

१५. <u>प्रदेश सुशासन केन्द्रः</u> प्रदेश सुशासन केन्द्रका काम, कर्तव्य, जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

क. नवप्रवर्तन साझेदारी कोषको सम्बन्धमा सरोकारवालालाई अनुशिक्षण गर्न प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईलाई सहयोग गर्ने,

ख. कोषबाट भएका राम्रा सिकाईहरुको अध्ययन तथा अनुसन्धान गरी सिकाई विधिको रुपमा रुपान्तरण गर्ने,

ग. कार्यक्रमको प्रस्तावको अभिन्न अङ्गको रुपमा रहने अत्यावश्यक विशेषज्ञहरुको योग्यता, ज्ञान, सीप, अनुभव, दक्षता सहितको सूची तयार गर्ने ।

१६. **स्थानीय तह:** कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको काम, कर्तव्य, जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

क. कोषबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि एकजना अधिकृतलाई सम्पर्क व्यक्ति तोक्ने,

ख. कोषबाट अनुदान प्राप्त गर्नको निमित्त आफ्नो कार्यपालिका बैठकबाट निर्णय गराई रितपूर्वकको आवेदनहरू प्रदेश कार्यक्रम कार्यान्वयन इकाईमा पेश गर्ने,

ग. कार्यक्रम कार्यान्वयन कार्यान्वयनको लागि आवश्यक पर्ने समपूरक रकमको व्यवस्था गर्ने,

घ. आफ्नो अनुगमन तथा मूल्याङ्कन उप-समितिमार्फत कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी यस सम्बन्धी त्रैमासिक प्रतिवेदनहरू प्रदेश कार्यक्रम कार्यान्वयन इकाईमा पठाउने ।

ङ. कार्यक्रम कार्यान्वयनको लागि प्रदेश कार्यक्रम कार्यान्वयन इकाई सँग सम्झौता गर्ने,

च. सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार संस्थाको लागत सहभागिताको सुनिश्चितता गर्ने,

छ. अन्य स्थानीय तहको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार स्थानीय तहको लागत सहभागिताको सुनिश्चितता गर्ने,

ज. कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजीकरणको निमित्त कार्यपालिकाको बैठकबाट एक नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने,

झ. प्रचलित कानून बमोजिम निर्धारित समयभित्रै कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति तथा समीक्षा प्रतिवेदनहरू सम्बन्धित निकायमा पठाउने,

ञ. कार्यक्रमको कार्यान्वयनको चरणमा सार्वजनिक परीक्षणको सुनिश्चितता गर्ने,

ट. सार्वजनिक सुनुवाईमा नवीनतम साझेदारी कोषबाट सञ्चालित कार्यक्रमको विषयलाई समेत समावेश गर्ने,

ठ. यस निर्देशिकामा उल्लिखित अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-४

## वित्तीय व्यवस्थापन

१७. **बजेट निकासाः-** (१) कार्यक्रम सञ्चालनको लागि प्रदेशगत रुपमा राष्ट्रिय कार्यकारी समितिले विनियोजन गरे बमोजिम हरेक प्रदेशलाई नेपाल सरकारको कोष प्रवाह सम्बन्धी व्यवस्था अनुसार रकम निकासा गरिनेछ ।

(२) प्रदेश सरकारले यस कार्यविधि बमोजिम पूर्ण प्रस्ताव स्वीकृत भएका स्थानीय तहलाई नेपाल सरकारको कोष प्रवाह सम्बन्धी व्यवस्था अनुसार सशर्त अनुदानको रुपमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत रकम हस्तान्तरण गर्नेछ ।

(३) प्रदेश सरकारले आवेदक स्थानीय तहलाई यस निर्देशिका बमोजिम कोषबाट व्यहोरिने रकम सशर्त अनुदानको रूपमा उपलव्ध गराउनेछ ।

(४) स्थानीय तहले आफूले व्यहोर्नुपर्ने लागत सहभागीताको रकम शीर्षकगत रुपमा कार्यपालिकाबाट निर्णय गरी सुनिश्चित गर्नु पर्नेछ ।

१८. **लेखा तथा प्रतिवेदनः** (१) कार्यक्रमको लेखा नेपाल सरकारको नियमानुसार राख्नुपर्नेछ ।

(२) कार्यक्रमको प्रतिवेदन नेपाल सरकारको प्रचलित कानून र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेजले निर्धारण गरे बमोजिम तयार गरी पेश गर्नु पर्नेछ ।

(३) कार्यक्रमको आन्तरिक र अन्तिम लेखापरीक्षण नेपाल सरकारको प्रचलित कानून अनुसार हुनेछ ।

१९. **अनुगमन तथा मूल्याङ्कनः** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको दस्तावेजले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(२) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट हुने तेस्रो पक्ष अनुगमनमा कोषबाट भएको कार्यलाई समेत समावेश गरिनेछ ।

(३) प्रदेश सरकारबाट भएका अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यको प्रतिवेदन कार्यक्रम कार्यान्वयन इकाईले कार्यक्रम समन्वय इकाईमा समेत पठाउनुपर्नेछ ।

२०. **खरिद व्यवस्थापन :** (१) कार्यक्रमको खरिद सम्बन्धी व्यवस्था नेपाल सरकारको प्रचलित खरिद कानून अनुसार हुनेछ ।

(२) कार्यक्रमको स्वीकृत खरिद योजना प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईले स्थानीय तहबाट सङ्कलन तथा एकीकृत गरी कार्यक्रम समन्वय इकाईलाई उपलब्ध गराउनेछ ।

(३) कोषबाट सञ्चालित कार्यक्रमलाई स्थानीय तहको स्वीकृत खरिद योजनामा समावेश नगरी खरिद कार्य गर्न सकिने छैन ।

२१. **खर्च गर्न नपाईने क्षेत्रहरु :** (१) यस कोषको रकमहरु देहायका क्षेत्रहरुमा खर्च गर्न पाईने छैन :-

(क) यस कोषको अनुदान रकमबाट भौतिक पूर्वाधार निर्माण जस्तैः सडक, पुल, सिचाई पूर्वाधार, जलविद्युत, भ्यू टावर, स्वागतद्वार, कार्यालय भवन, मनोरञ्जन हल, फोहोरमैला व्यवस्थापनको पूर्वाधार, खानेपानी शुद्धीकरणको पूर्वाधारका क्षेत्र, तर नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक भौतिक पूर्वाधार निर्माणमा स्थानीय तहको लागत सहभागिताको हिस्साबाट दायित्व व्यहोर्ने गरी खर्च गर्न वाधा पुग्ने छैन ।

(ख) कार्यक्रम सञ्चालनको लागि नियमित कर्मचारीको खर्च,

(ग) कुनै पनि प्रकारका सवारी साधन खरिद आदि,

(घ) कोभिड १९ लगायत अन्य प्रकारका प्राकृतिक प्रकोप सँग सम्बन्धित स्थानीय तहले गर्दै आएका नियमित प्रकारका राहत वितरण सम्बन्धी कार्यक्रमहरू ।

तर कोभिड १९ लगायत अन्य प्रकारका प्राकृतिक प्रकोप तथा विपद नियन्त्रणलाई प्रभावकारी बनाउनका लागि नयाँ तौर तरिका, नवीनतम प्रणाली तथा नवप्रवर्तक औजार तथा उपकरणहरुमा खर्च गर्न वाधा पुग्ने छैन।

२२. <u>लागत सहभागिता</u>: (१) कार्यक्रमको लागत सहभागिता देहाय बमोजिम हुनेछः-

(क) बार्षिक रू. २५ लाखभन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कूल लागतको कम्तिमा २५ प्रतिशत रकम,

(ख) बार्षिक रू. २५ लाखभन्दा माथि आन्तरिक आय भएका स्थानीय तहहरुले परियोजनाको कूल लागतको कम्तिमा ३० प्रतिशत रकम,

(ग) महानगर तथा उप- महानगरपालिकाले परियोजनाको कूल लागतको कम्तिमा ३५ प्रतिशत रकम,

(घ) बार्षिक रू. २५ लाख भन्दा कम आन्तरिक आय भएका स्थानीय तहले बार्षिक रू.२५ लाख वा सो भन्दा बढी आन्तरिक आय भएका स्थानीय तहसँग लागत साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा परियोजनाको कूल लागतको कम्तिमा ३५ प्रतिशत रकम,

(ङ) कुनै स्थानीय तहले प्रदेश सरकारका कुनै निकायसँगको लागत साझेदारीमा आफू मूख्य प्रस्तावक बनी परियोजना प्रस्ताव पेश गरेमा परियोजना लागतको कम्तिमा ३५ प्रतिशत रकम ।

(२) कार्यक्रममा सामुदायिक संस्था, गैर सरकारी संस्था, सहकारी तथा निजी क्षेत्रसँगको लागत साझेदारीमा परियोजना प्रस्ताव गर्दा यी संस्थाले प्रस्तावक स्थानीय तहले व्यहोर्नु पर्ने हिस्साको कम्तिमा ३० प्रतिशत रकम लागत साझेदारी गर्नु पर्दछ ।

(३) दुई वा दुई भन्दा बढी स्थानीय तहको लागत साझेदारीमा प्रस्ताव पेश गरिएमा प्रमुख प्रस्तावक र साझेदार स्थानीय तहको हिस्सा आपसी समझदारीमा कायम गर्न सकिने छ ।

२३. <u>अनुदान रकमको सीमा र अवधि</u>: (१) कोषबाट उपलब्ध हुने अनुदान रकमको अधिकतम सीमा एकल आवेदकको हकमा प्रति परियोजना एक करोड पचास लाख

रुपैया  र दुई वा दुई भन्दा बढी स्थानीय तह मिली प्रस्ताव गरिएको संयुक्त आवेदनको हकमा चार करोड रुपैंया हुनेछ ।

तर एकल तथा संयुक्त दुवै आवेदकका परियोजनाको कूल लागत दुई करोड रुपैया भन्दा कम हुने छैन ।

(२) कोषबाट सञ्चालन हुने परियोजनाको अधिकतम अवधि दुई आर्थिक वर्षको हुनेछ ।

तर कोषको अनुदानबाट सञ्चालन हुने परियोजना प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको अवधिभित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

२४. **वित्तीय सुशासनको सुनिश्चितता** : (१) कोषबाट सञ्चालित कार्यक्रम सम्पन्न भएपछि परियोजना स्थलमा प्रचलित कानून अनुसार स्थलगत सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(२) कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको अनुगमन गरी यसको प्राविधिक जाँचपास तथा फरफारक गर्नुपर्नेछ ।

## परिच्छेद-५

## नवप्रवर्तनका क्षेत्रहरु

२५. **नवप्रवर्तनका क्षेत्रहरुः** (१) नवप्रवर्तनका क्षेत्रहरु देहायबमोजिम हुनेछन:-

(क) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित प्रदेश तथा स्थानीय तहका साझा तथा स्थानीय तहका एकल अधिकारमा उल्लिखित विषय क्षेत्रहरु,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा उल्लिखित विषय क्षेत्रहरु,

(ग) अनुसूची ५ मा समावेश गरिएका विषयहरु ।

## अनुसूची - १ (दफा ६ सँग सम्बन्धीत)

## अवधारणा पत्रको ढाँचा

| | |
|---|---|
| परियोजना सम्बन्धी जानकारी | |
| परियोजनाको नामः | |
| परियोजना रहने स्थानः | |
| आवेदकको नाम | |
| आवेदकको ठेगानाः | |
| आवेदकको इमेल र फोन नं. | |
| दुई वा दुई भन्दा बढी स्थानीय तह मिली संयुक्त प्रस्ताव पेश गरेको भए मुख्य प्रस्तावक र साझेदार प्रस्तावकको नाम, ठेगाना, इमेल | मुख्य प्रस्तावक<br>साझेदार प्रस्तावक |
| कार्यक्रमको अवधारणा | |
| पृष्ठभूमि | |
| परियोजनाको उद्देश्य | |
| कार्यक्रमको औचित्य | |
| कार्यक्रमको अवधारणापत्र तयार गर्न अपनाइएका चरणहरू | १.<br>२.<br>३. |
| कार्यक्रमको संक्षिप्त कार्यान्वयन योजना | |
| कार्यक्रमको अवधि | |
| कार्यक्रमको कूल लागत | |
| लागत सहभागिताको संरचना | कूल लागतः<br>कोषबाट उपलब्ध हुने रकमः<br>आवेदकले व्यहोर्ने रकमः |

| | |
|---|---|
| | आवेदकले व्यहोर्ने रकम मध्ये साझेदार संस्थाबाट व्यहोर्ने रकमः |
| परियोजनाको अपेक्षित नतिजा | आशातित प्रतिफल, उपलब्धी, प्रभाव उल्लेख गर्ने |
| लाभग्राही संख्या र विवरणः | महिला, पुरुष तथा लै.स.सा.स खण्डीकृत तथ्याङ्क प्रयोग गर्ने |
| प्रस्तावित आयोजनाले लैङ्गिक समानता, सामाजिक समावेशीकरणलाइ समावेश गर्ने क्षेत्रहरूः | १.<br>२.<br>३. |
| प्रस्तावित आयोजनाले स्थानीय तह संस्थागत स्वमूल्याङ्कन र वित्तीय सुशासन लेखाजोखाको कुन सूचकलाई सहयोग पुर्‍याउने हो सो को विवरण | स्थानीय तह संस्थागत स्वमूल्याङ्कन<br>१.<br>२.<br>३.<br>वित्तीय सुशासन लेखाजोखा<br>१.<br>२. |
| प्रस्तावित आयोजनाले दीगो विकासको राष्ट्रिय लक्ष्यमा योगदान गर्ने भए कुन लक्ष्यमा योगदान गर्ने हो सो को पुष्ट्याई | |
| कार्यक्रम नवप्रवर्तनकारी भएको पुष्टयाईं (कम्तिमा १००० शब्द) | |
| कार्यक्रमले सार्वजनिक सेवा, स्थानीय आर्थिक विकास, सुशासन कुन क्षेत्रमा सहयोग गर्ने हो सो सम्बन्धी विवरण | |
| कार्यक्रम अन्य स्थानीय तहमा विस्तार (Replicate) गर्न सकिने सम्भावना: | |
| कार्यक्रमको कार्यान्वयन | |
| कार्यान्वयन योजना | |

| | |
|---|---|
| कार्यक्रम कार्यान्वयनका संभावित जोखिम तथा न्यूनीकरणका उपायहरू: | |
| कार्यक्रम कार्यान्वयनको प्राविधिक व्यवस्थापन (आवश्यक प्राविधिक र तिनको उपलव्धता) | |
| कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | |
| कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सहजीकरणको संरचना | |
| कार्यक्रम सम्बन्धमा कार्यपालिका बैठकको निर्णय र मिति | |
| कार्यक्रमको लागत सहभागिता सम्बन्धमा कार्यपालिका बैठकको निर्णय र मिति | |
| समावेशी आर्थिक विकासमा गर्ने योगदान | |
| खर्चका मुख्य मुख्य शीर्षकहरू | |

| सि.नं. | विवरण | इकाई | लागत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| कूल जम्मा | | | | | |

## अनुसूची-२ (दफा ६ सँग सम्बन्धित)

## अवधारणापत्र मूल्याङ्कनका आधारहरू

| क्र. सं. | विषय क्षेत्र | मूल्याङ्कनका आधारहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| १. | नव-प्रवर्तनमा योगदान | प्रस्तावमा नव-प्रवर्तन साझेदारी कोष को उद्देश्यसँग मेल खाने गरी नवप्रवर्तनकारी कार्यक्रम समावेश गरिएको | | | स्थानीय तहहरुको काममा प्रभावकारिता पारदर्शिता, जवाफदेहिता र समावेशिता सुनिश्चत गर्न योगदान पुर्‍याउने । |
| २. | कार्यान्वयनको व्यवस्था | स्थानीय तहले प्रस्ताव कार्यान्वयनको लागि कार्यविधि अनुरुप कार्यान्वयन समिति गठन गरेको | | | कार्यान्वयन समिति गठनको निर्णय दस्ताबेज समावेश भएको |
| ३. | स्थानीय तहको उद्देश्यसँग मेल खाएको | प्रस्तावित प्रस्तावका कार्यक्रमहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ र कार्यविधिको अनुसूची ५ मा उल्लेखित विषयसँग सम्बन्धित रहेको | | | प्रस्ताव सुशासन सार्वजनिक सेवा र स्थानीय आर्थिक विकाससँग सम्बन्धित भएको |
| ४. | प्रस्तावको निर्णय | प्रस्ताव पेश गर्ने निर्णय सम्बन्धित कार्यपालिकाको बैठकले गरेको | | | कार्यपालिकाको निर्णय पेश गरेको हुनु पर्ने । |

| क्र. सं. | विषय क्षेत्र | मूल्याङ्कनका आधारहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| ५. | गाँउ/ नगर सभाबाट बार्षिक कार्यक्रम तथा बजेट पास भएको | चालु आ.वको बजेट तथा कार्यक्रमलाई गत आ.ब को असार १० गते भित्र सभामा पेश गरी असार मसान्तभित्र पारित भएको | | | सभाको निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ । |
| ६. | स्थानीय तह सस्थागत स्वमूल्याङ्कनको नतिजा यसको पोर्टलमा प्रविष्टि गरिएको | स्थानीय तह सस्थागत स्वमूल्याङ्कनको नतिजालाई कार्यपालिकाको बैठकमा छलफल गरी वेबसाइट मार्फत पोर्टलमा प्रविष्टि गरी सार्वजनिक गरेको | | | कार्यपालिकाको निर्णय पेश गर्नु पर्ने |
| ७. | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको नतिजा यसको पोर्टलमा प्रविष्टि गरिएको | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको नतिजालाई कार्यपालिकाको बैठकमा छलफल गरी वेबसाइट मार्फत पोर्टलमा प्रविष्टि गरीसार्वजनिक गरेको | | | कार्यपालिकाको निर्णय पेश गर्नु पर्ने |
| ८. | स्थानीय तह सस्थागत स्वमूल्याङ्कन को नतिजा | स्थानीय तह सस्थागत स्वमूल्याङ्कन को नतिजाको मूल्याङ्कनमा ५० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेको | | | वेबसाईटको नतिजालाई आधार मान्नु पर्ने । |

| क्र. सं. | विषय क्षेत्र | मूल्याङ्कनका आधारहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| ९. | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कन को नतिजा | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कन को नतिजाको मूल्याङ्कनमा ५० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेको | | | वेबसाईटको नतिजालाई आधार मान्नु पर्ने । |
| १०. | प्रस्तावित प्रस्तावको समावेशी विकासमा योगदान | प्रस्तावले आर्थिक सामाजिक रुपमा पछि परेका महिला, दलित तथा अन्य सीमान्तीकृतवर्गको आर्थिक सामाजिक विकासमा योगदान दिएको | | | |
| ११. | प्रस्तावको लागत | प्रस्तावको लागत र स्थानीय तहको लागत सहभागिता कार्यविधिले निर्धारण गरे बमोजिम भएको | | | |
| १२. | संयुक्त प्रस्तावमा सहमति पत्र | दुई वा सो भन्दा बढी स्थानीय तहहरुले संयुक्त रुपमा प्रस्ताव पेश गरेमा साझेदारको लागत सहभागिताको प्रतिबद्धता सहित समझदारी पत्रमा हस्ताक्षर भएको हुनु पर्ने । | | | समझदारी पत्रको दस्ताबेज पेश गर्नु पर्ने |

| क्र. सं. | विषय क्षेत्र | मूल्याङ्कनका आधारहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| १३. | सार्वजनिक निजी प्रस्ताव | गैर सरकारी सस्था वा सामुदायिक सस्था वा सहकारी सस्था वा निजी क्षेत्रसँग लागत साझेदारीमा प्रस्ताव पेश भएमा लागत सहभागिताको विवरण सहित सम्झौता भएको हुनु पर्ने | | | साझेदार सस्था निजी क्षेत्र भएमा उक्त सस्थाको गत आ.व को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने ।<br>लागत सहभागिता विवरण सहितको सम्झौता पत्र पेश गर्नु पर्ने । |
| १४. | अन्तिम लेखा परीक्षण | गत आ.व भन्दा अघिल्लो आ.व को लेखा परीक्षण हुनुपर्नेर लेखा परीक्षण प्रतिवेदनमा गम्भिर किसिमका अनियमितता नदेखिएको | | | लेखा परीक्षणको प्रतिवेदन पेश गर्नु पर्ने । |
| १५. | ग्राह्य खर्च | प्रस्तावमा प्रस्तावित खर्च क्षेत्रहरु कार्यविधिसँग बाझिएको हुन नहुने | | | |

*नोटः पूर्ण प्रस्तावको लागि ग्राह्य हुनको निमित्त यस अनुसूचीमा उल्लेखित सबै आधारहरू पुरा गरेको हुनुपर्नेछ । आ व २०७८।७९ को लागि क्र सं ७ को हकमा प्रणालीमा प्रारम्भिक कारवाही शुरू भएकोलाई आधार मान्न सकिनेछ ।*

## अनुसूची ३ (दफा ६ सँग सम्बन्धीत)

## पूर्ण प्रस्तावको ढाँचा

### १. आयोजनाको संक्षिप्त परिचय

| | |
|---|---|
| प्रस्तावकको (नाम, ठेगाना, ई-मेल/फोन नं. र सम्पर्क व्यक्तिको नाम र टेलिफोन) | |
| संयुक्त प्रस्ताव भएमा (साझेदारहरुको नाम, ठेगाना, ई-मेल/फोन नं. र सम्पर्क व्यक्तिको नाम र टेलिफोन) | |
| प्रस्ताव पेश गरिएको मिति: | |

| | |
|---|---|
| १. आयोजनाको नाम | |
| २. आयोजनाको पृष्ठभूमि | |
| ३. आयोजनाको खर्च संकेत | |
| ४. आयोजनाको औचित्य | |
| ५. आयोजनाको छनौट प्रकृया | |
| ६. आयोजनाको स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा वित्तीय जोखिम मूल्याङ्कनको नतिजासँग सम्बन्ध | |
| ७. आयोजनाको नवप्रवर्तन पक्ष – सेवा प्रवाह/शासन प्रणाली/आर्थिक विकास | |
| ८. आयोजनाको प्रतिकृति संभावना (Possibility of Project Replicability) | |
| ९. आयोजनको कूल बजेट | |
| १०. आयोजना रहने स्थान | |
| ११. आयोजनाको मुख्य उद्देश्य | |
| १२. आयोजनाको अपेक्षित प्रतिफल | |
| १३. आयोजनाको अपेक्षित उपलब्धि | |

| | |
|---|---|
| १४. आयोजनाको अपेक्षित प्रभाव | |
| १५. आयोजनाका लाभग्राही | |
| १६. आयोजनाको राष्ट्रिय दीगो विकास लक्ष्यका सूचकहरुमा योगदान | |
| १७. आयोजना कार्यन्वयन गर्ने निकाय | |
| १८. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | |

## २. आयोजनाको बजेट खर्चको बाँडफाँट

| जनशक्तिको खर्च | | | |
|---|---|---|---|
| **विवरण** | **एकाई** | **दर** | **रकम** |
| जनशक्ति | संख्या | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| उपकरणको खर्च | | | |
| **विवरण** | **एकाई** | **दर** | **रकम** |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| निर्माण खर्च | | | |
| **विवरण** | **एकाई** | **दर** | **रकम** |
| १. | | | |
| २. | | | |

| | | | |
|---|---|---|---|
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| तालिम खर्च | | | |
| विवरण | एकाई | दर | रकम |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| परामर्श खर्च | | | |
| विवरण | एकाई | दर | रकम |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| अनुगमन खर्च | | | |
| विवरण | एकाई | दर | रकम |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| कार्यक्रमसंग सम्बन्धित खर्च मात्र समावेश गर्नु पर्दछ । जस्तै निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ | | | |

### ३. आयोजनाको अनुगमन तथा मूल्याङ्कन तालिका (Monitoring and Evaluation Schedule of the Project)

| विवरण | समय तालिका | पटक | अनुगमनमा संलग्न जनशक्ति | |
|---|---|---|---|---|
| | | | विवरण | संख्या |
| १. सम्भाव्यताको लागि स्थलगत भ्रमण | | १ | | |
| २. लागत अनुमान तयार पार्न स्थलगत अनुगमन | | १ | | |
| ३. प्रगती अनुगमन | | | | |
| ४. जाँचपासको लागि भ्रमण | | | | |
| ५. सार्वजनिक परीक्षणको भ्रमण | | १ | | |
| ६. आयोजना हस्तान्तरणमा भ्रमण | | १ | | |
| ७. प्रगति समीक्षा | | १ | | |

### ४. आयोजनाको कार्यान्वयन तालिका

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| १. अवधारणा पत्र तयार पार्ने | | | अवधारणा पत्र |
| २. लागत अनुमान तयार पार्ने | | | लागत अनुमान |
| ३. परामर्श सेवा भए कार्य शर्त र RFP तयार गर्ने | | | कार्यशर्त विवरण र प्रस्ताव आह्वान |
| ४. तालिम कार्य भए तालिम योजना तयार पार्ने | | | तालिम योजना |
| ५. उपकरण खरिद भए स्पेसिफिकेशन सहित बिड डकुमेन्ट तयार गर्ने | | | स्पेसिफिकेशन सहित बिड डकुमेन्ट |

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| ६. निर्माण कार्य भए स्पेसिफिकेसन सहित आवश्यक कागजात तयार गर्ने | | | स्पेसिफिकेसन सहित बिड डकुमेन्ट, रेखाङ्कन र नक्सा |
| ७. सूचना वा प्रस्ताव आह्वान | | | पत्रिका वा वेबसाईटमा प्रस्ताव आह्वानको प्रकाशन |
| ८. प्रस्तावको मूल्याङ्कन | | | मूल्याङ्कन नतिजा |
| ९. सम्झौता समय | | | सम्झौता |
| १०. कार्यान्वयन सम्पन्न | | | कार्यान्वयन सम्पन्न हुने समय |
| ११. जाँचपास | | | प्राविधिक जाँचपास सम्पन्न |
| १२. सार्वजनिक परीक्षण | | | सार्वजनिक परीक्षण सम्पन्न |
| १३. फरफारक | | | फरफारक तथा आयोजना हस्तान्तण |

## ५. आयोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम | जोखिमबाट आउन सक्ने परिणाम | जोखिम न्यूनीकरणको रणणनीति |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

## ६. विविधः

| विषय | विवरण | कैफियत |
|---|---|---|
| १. सीमान्तिकृत वर्गको आर्थिक, सामाजिक विकासका क्षेत्रमा योगदान | | |
| २. लैङ्गिक सम्वेदनशील बजेटको प्रतिशत | | |

| विषय | विवरण | कैफियत |
|---|---|---|
| ३. संस्थागत स्वमूल्याङकन प्राप्त गरेको अङ्क | | |
| ४. वित्तिय सुशासन मूल्याङ्कनमा प्राप्त गरेको अङ्क | | |
| ५. गत आ व को पूँजीगत खर्चको प्रतिशत | | |
| ६. प्रस्तावमा भौतिक पूर्वाधारमा छुट्याइएको खर्च प्रतिशत | | |
| ७. गत आर्थिक बर्ष भन्दा अघिल्लो आर्थिक बर्षको बेरूजु प्रतिशत | | |

## अनुसूची-४ (दफा ६ सँग सम्बन्धीत)

## पूर्ण प्रस्ताव मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रस्तावको नवप्रवर्तन | २० | १. अत्यन्तै नवप्रवर्तनकारी प्रस्ताव (पूर्ण रुपमा नयाँ र हाल सम्म परीक्षण नगरिएको = १०० %)<br>२. उच्च नवप्रवर्तनकारी प्रस्ताव = ८० %<br>३. नवप्रवर्तनकारी (अन्य क्षेत्रमा समेत अनुकरणीय भएको = ६० %)<br>४. न्यून नवप्रवर्तनकारी (अन्य क्षेत्रमा यस अघि पनि सफलतापूर्वक परीक्षण गरिसकेको र नयाँ क्षेत्रमा विस्तार गर्न सकिने = ४० %)<br>५. नवप्रवर्तनकारी नभएको = ० | | उद्देश्यसँग तालमेल मिल्ने |
| २. | अनुकरणयोग्य | १० | १. अन्य स्थानीय तहमा समेत अनुकरण गर्न सकिने = १०० %)<br>२. आफ्ना सबै वडामा अनुकरण गर्न सकिने = ८० %)<br>३. आफ्ना ५० % भन्दा वडामा अनुकरण गर्न सकिने = ६० %)<br>४. आफू मातहतका ५० % वा सो भन्दा कम वडामा मात्र अनुकरण गर्न सकिने = ४०%<br>५. अनुकरण गर्न नसकिने = ० | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| ३. | दीगो विकासका लक्ष्यमा योगदान दिने | १० | १. दीगो विकासका राष्ट्रिय लक्ष्यको कम्तिमा ५० वटा सूचकलाई प्रत्यक्ष रुपमा सहयोग गर्ने = १००%<br>२. दीगो विकासका राष्ट्रिय लक्ष्यको कम्तिमा ३० वटा सूचकलाई प्रत्यक्ष रुपमा सहयोग गर्ने = ८०%<br>३. दीगो विकासका राष्ट्रिय लक्ष्यको कम्तिमा २० वटा सूचकलाई प्रत्यक्ष रुपमा सहयोग गर्ने = ६०%<br>४. दीगो विकासका राष्ट्रिय लक्ष्यको कम्तिमा १० वटा सूचकलाई प्रत्यक्ष रुपमा सहयोग गर्ने = ४० %<br>५. दीगो विकासका राष्ट्रिय लक्ष्यको कुनै पनि सूचकलाई सहयोग नगर्ने = ० % | | |
| ४. | सीमान्तीकृत वर्गको आर्थिक सामाजिक सशक्तीकरणमा योगदान | १० | १. लाभग्राहीमध्ये कम्तिमा ६० % महिला, दलित तथा अन्य सीमान्तीकृतवर्ग रहेको = १००%<br>२. लाभग्राहीमध्ये कम्तिमा ५० % महिला, दलित तथा अन्य सीमान्तीकृतवर्ग रहेको = ८०%<br>३. लाभग्राहीमध्ये कम्तिमा ४० % महिला, दलित तथा अन्य सीमान्तीकृतवर्ग रहेको = ६०%<br>४. लाभग्राहीमध्ये कम्तिमा ३० % महिला, दलित तथा अन्य सीमान्तीकृतवर्ग रहेको = ४०% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | ५. लाभग्राहीमध्ये ३० % भन्दा कम महिला, दलित तथा अन्य सीमान्तीकृत वर्ग रहेको = ० % | | |
| ५. | लैंङ्गिक सम्वेदनशील बजेट | ५ | १. ८० % भन्दा बढी लैंङ्गिक सम्बेदनशील रहेको = १००%<br>२. ६० - ७९% सम्म लैंङ्गिक सम्बेदनशील रहेको = ८०%<br>३. ४० - ५९ % सम्म लैंङ्गिक सम्वेदनशील रहेको = ६०%<br>४. १०-३९% सम्म लैंङ्गिक सम्वेदनशील रहेको = ४०%<br>५. ९ % भन्दा कम लैंङ्गिक सम्वेदनशील रहेको = ०% | | |
| ६. | संस्थागत स्वमूल्याङ्कनमा प्राप्ताङ्क | १० | १. ८० भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>२. ६० भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>३. ४० भन्दा बढी ६० भन्दा कम अङ्क प्राप्त गरेको = ६०%<br>४. २० भन्दा बढी ४० भन्दा कम अङ्क प्राप्त गरेको = ४०%<br>५. २० भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| ७. | वित्तीय सुशासन मूल्याङ्कनमा प्राप्ताङ्क | १० | १. ८० भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>२. ६० भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>३. ४० भन्दा बढी ६० भन्दा कम अङ्क प्राप्त गरेको = ६०%<br>४. २० भन्दा बढी ४० भन्दा कम अङ्क प्राप्त गरेको = ४०%<br>५. २० भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |
| ८. | गत आ. व. को पूँजीगत खर्चको प्रतिशत | १० | १. ६० % भन्दा बढी = १००%<br>२. ५० % भन्दा बढी ६० % सम्म = ८०%<br>३. ४० % भन्दा बढी ५० % सम्म = ६०%<br>४. ३० % भन्दा बढी ४० % सम्म = ४०%<br>५. ३० % भन्दा कम = ०% | | |
| ९. | प्रस्तावित आयोजनामा भौतिक पूर्वाधारका क्षेत्रमा हुने खर्च | १० | १. ६० % भन्दा बढी = ०%<br>२. ५० % भन्दा बढी ६० % सम्म = ४०%<br>३. ४० % भन्दा बढी ५० % सम्म = ६०%<br>४. ३० % भन्दा बढी ४० % सम्म = ८०%<br>५. ३० % भन्दा कम = १००% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १०. | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको बेरुजु प्रतिशत | ५ | १. शून्य बेरुजु = १०० %<br>२. १% वा सो भन्दा कम भएमा = ८० %<br>३. १% भन्दा बढी २% सम्म = ६० %<br>४. २% भन्दा बढी ३% सम्म = ४०%<br>५. ३% भन्दा बढी = ०% | | |
| | जम्मा | १०० | | | |

*नोटः कोषबाट अनुदान प्राप्त गर्नको निमित्त यस अनुसूचीमा उल्लेखित मूल्याङ्कन सूचकहरूको कूल अङ्कमा कम्तिमा ६० प्रतिशत अङ्क भार प्राप्त गरेको हुनुपर्नेछ ।*

## अनुसूची ५ (दफा २५ सँग सम्बन्धीत)

## नवप्रवर्तनका केही सम्भावित विषय क्षेत्रहरु

- स्थानीय आर्थिक विकास
- प्रादेशिक तथा स्थानीय वित्तीय व्यवस्थापनका क्षेत्रहरु
- स्थानीय तहको संस्थागत स्वमूल्याङ्कनका सूचकका विशेष क्षेत्र
- विद्युतीय सुशासन क्षेत्र
- स्थानीय तहको वित्तीय सुशासनका क्षेत्र
- एकीकृत स्थानीय विकास योजनाका संभागहरु
- फोहोर मैला व्यवस्थापन
- स्थानीय सेवा प्रवाह
- एकीकृत बस्तीविकास, जग्गा एकीकरण तथा शहरी पुनरूत्थान योजना
- सामाजिक उत्तरदायित्व विधिहरुको पालना
- नमूना नगर/गाउँ/वडा
- विशेष स्थानीय तहको अवधारणा कार्यान्वयन (साँस्कृतिक स्थानीय तह, पर्यावरणीय स्थानीय तह, पर्यटकीय स्थानीय तह आदि)
- सूचना प्रविधिको प्रयोगमा रही तथ्यमा आधारित निर्णय प्रक्रिया
- उत्थानशील विकास तथा विपद व्यवस्थापन
- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका संभागहरु
- बालबालिकाको विकासको निमित्त नव-प्रवर्तनकारी कार्यक्रमहरु
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईमा नविनतम सोचहरु
- जीविकोपार्जन सुधारका क्षेत्रहरू

- सिमान्तकृत बर्गको आर्थिक सामाजिक रूपान्तरणको निमित्त नवप्रर्तनमा आधारित रिफ्लेक्ट कक्षा सञ्चालन सम्बन्धी कार्यक्रमहरु
- घना बस्ती रूपान्तरण सम्बन्धी नवप्रवर्तनकारी कार्यक्रम
- परम्परागत प्रविधिको सुधार सम्बन्धी कार्यक्रमहरु
- सार्वजनिक सेवामा एकद्वार प्रणाली
- सूचना प्रविधि र सार्वजनिक सूचनामा जनताको पहुँच वृद्धि
- जोखिम संवेदनशील भू-उपयोग योजना
- आर्थिक सामाजिक रूपमा पछाडि परेका वर्गहरूको आर्थिक सामाजिक रूपान्तरण
- नवप्रवर्तनका अन्य क्षेत्रहरू
- नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक पर्ने उपकरण, प्रणाली, प्रविधि र सेवा प्रवाहसँग सम्बन्धित विषयहरु ।
- स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नवीनतम प्रविधि तथा उपकरणहरु

## अनुसूची ६ (दफा १६ सँग सम्बन्धीत)

## मध्यावधि/अन्तिम प्रगति प्रतिवेदनको सामान्य ढाँचा

१. प्रगति प्रतिवेदनको शीर्षक

२. पृष्ठभूमि

३. उद्देश्य

४. परियोजनाको प्रतिफल

५. परियोजनाको उपलव्धी

६. परियोजना कार्यान्वयनको ढाँचा तथा तौरतरिका

७. परियोजनाको लक्ष्य (प्रतिफल, उपलव्धी र प्रगति) (फोटो तथा छोटो मामिला अध्ययन सम्बन्धित खण्डमा प्रयोग गर्ने)

- कृयाकलाप १
- कृयाकलाप २
- कृयाकलाप ......

८. चुनौतीहरु

९. सिकाई

१०. समन्वय

११. निष्कर्ष

१२. सिफारिस

१३. अनुसूचीहरु

आधिकारिक हस्ताक्षर
संस्थागत छाप

## अनुसूची-७

## नवप्रवर्तन साझेदारी कोषसँग सम्बन्धित संभावित जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरू:

१) नवप्रवर्तन साझेदारी कोष सञ्चालन सन्दर्भमा देहाय अनुसार संभावित जोखिम र चुनौतीहरु रहन सक्ने देखिन्छ :-

क. कम आय क्षमता भएका स्थानीय तहहरूले नव-प्रवर्तन साझेदारी कोषमा लगानी गर्ने सामर्थ्य नहुन सक्ने,

ख. स्थानीय तहहरू आफ्नै क्षमता विकासको बिषयमा सङ्घर्षरत रहेको अवस्थामा नवप्रवर्तनको विषयमा सोच्ने र कामगर्ने समय नहुन सक्ने ,

ग. प्रतिस्पर्धाले सहकार्यलाई सिमित बनाउन सक्ने,

घ. प्रदेश/स्थानीय तहवाट कार्यविधिले तोकेको क्षेत्रमा रकम खर्च हुन सक्ने,

ङ. प्रदेश/स्थानीय तहवाट राजनीतिक चाहनाको आधारमा साझेदारहरूबाट आफू अनुकुलको क्षेत्रमा रकम खर्च हुन सक्ने

च. नवप्रवर्तनको विषयमा समान बुझाई नहुन सक्ने र लागत साझेदारी प्रति आकर्षित नहुन सक्ने,

छ. COVID -19 महामारीको अवस्थाले प्रदेश तथा स्थानीय तहबाट नव-प्रवर्तन साझेदारी कोष को प्रक्रिया भन्दा महामारी रोकथाम तथा उपचारमा खर्च हुन सक्ने,

ज. नव-प्रवर्तन साझेदारी कोष कार्यान्वयनको शुरूवाती वर्ष (आ.व.२०७८/७९) स्थानीय तहको निर्वाचनको वर्ष हुने भएकोले यो कार्यक्रम कम प्राथमिकतामा पर्नसक्ने।

उल्लेखित जोखिमका संभावनाहरूलाई न्यूनीकरण गर्न देहायका उपायहरू अवलम्बन गर्नु पर्ने हुन्छ:

| सम्भावित जोखिमका अवस्थाहरू | जोखिम न्यूनीकरणका उपायहरू | जोखिमका टिप्पणी |
|---|---|---|
| १. कम आय क्षमता भएका स्थानीय तहहरूमा पहुँच नहुनु ।<br>२. कम आय क्षमता भएका स्थानीय तहहरूको सीमितश्रोत र क्षमताका कारण नवप्रवर्तनको विषयमा कम ज्ञानको कारणले सहभागी हुन नसक्ने । | • यस विषयको कार्यविधि, निर्देशिका उपलब्ध गराई स्थानीय तहलाई सहयोग पुर्‍याउने,<br>• अवधारणा पत्र, प्रस्ताव तथा लगानी सहभागितामा सहुलियत लगायतको विषयमा सहयोग पुर्‍याउने । | सञ्चालन कार्यविधि, अवधारणा पत्र, प्रस्ताव तथा लगानी सहभागितामा सहुलियत लगायतले न्यून आन्तरिक आय भएका स्थानीय तहहरू प्रोत्साहित हुने । |
| ३. आधारभूत आवश्यकता र नवप्रवर्तनः कम क्षमता र न्यून आन्तरिक आय भएका स्थानीय तहहरूले नव-प्रवर्तन साझेदारी कोष मा लगानी गर्ने सामर्थ्य नहुन सक्ने । | • सञ्चालन कार्यविधि, अवधारणा पत्र, प्रस्ताव तथा लगानी सहभागितामा सहुलियत लगायतले न्यून आन्तरिक आय भएका स्थानीय तहहरूलाई सहयोग गर्ने, | सञ्चालन कार्यविधि, अवधारणा पत्र, प्रस्ताव तथा लगानी सहभागितामा सहुलियत लगायतले न्यून आन्तरिक आय भएका स्थानीय तहहरू प्रोत्साहित हुने । |
| ४. प्रतिस्पर्धाले सहकार्यलाई सीमित बनाउन सक्छ ।<br>५. नवप्रवर्तनको लागि नयाँ सोच र प्रतिस्पर्धा प्रति जागरूकता जरूरी हुन्छ यसले सहकार्य र समन्वयलाई प्रभाव पार्छ । | • प्रतिस्पर्धा र सहकार्यका दुई बहुआयामिक पक्षहरू रहनेछन। सम्बन्धित आयोजनाको प्रस्तावले प्रतिस्पर्धालाई सबल बनाउनेछ भने नवप्रवर्तनले सहकार्य र सहयोग प्रवर्द्धन गर्छ । | कार्यक्रम समन्वय इकाई र प्रदेश कार्यक्रम कार्यान्वयन इकाईबाट प्रभावकारी सञ्चार हुने । |

| सम्भावित जोखिमका अवस्थाहरू | जोखिम न्यूनीकरणका उपायहरू | जोखिमका टिप्पणी |
| --- | --- | --- |
| ६. स्थानीय तहको मागमा विविधता: नव-प्रवर्तन साझेदारी कोष को व्यवस्थापन र सञ्चालनमा सात प्रदेश र ७५३ स्थानीय तहमा विविधता हुने । | • कार्यभारको हिसावले प्रदेश कार्यक्रम कार्यान्वय इकाईको कार्यबोझमा बृद्धि हुने भएकोले पर्याप्त जनशक्ति तथा प्रभावकारी सञ्चारको व्यवस्थापन गर्ने | तालिम प्राप्त पर्याप्त जनशक्ति र प्रभावकारी सञ्चार माध्यम बाट स्थानीय तह सूसूचित हुने । |
| ७. वित्तीय जोखिम: स्थानीय/प्रदेश तह र कार्य जिम्मेवारी पाउने संस्थावाट राजनीतिक चाहनाको आधारमा सरकार साझेदारहरूबाट आफु अनुकुलको क्षेत्रमा रकम खर्च हुन सक्ने | • कार्यक्रमको लागि वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना निर्माण भै सकेको छ । नव-प्रवर्तन साझेदारी कोष को सफल कार्यान्वयनका लागि छुट्टै वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तयार गर्ने । | नव-प्रवर्तन साझेदारी कोष को सफल कार्यान्वयनका लागि छुट्टै वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तयार गर्न सिफारिस गर्ने । |
| ८. राजनीतिक चाहनाको आधारमा खर्च हुन सक्ने: स्थानीय/प्रदेश तहवाट आफु अनुकुलको क्षेत्रमा रकम खर्च हुन सक्ने, नव-प्रवर्तन साझेदारी कोष कार्यान्वयनको वर्ष २०७८/७९ स्थानीय | • सबै अवधारणा पत्र तथा प्रस्तावहरू सूचकका आधारमा मुल्याङ्न गर्नु पर्दछ ।<br>• प्राविधिक समितिले अवधारणापत्र तथा प्रस्तावहरू मूल्याङ्कन | चुनावी वर्षको लागि यसको वित्तीय व्यवस्थापन र अनुगमनको विषयमा छुट्टै रणनीति तयार गर्न सिफारिस गर्ने । |

| सम्भावित जोखिमका अवस्थाहरू | जोखिम न्यूनीकरणका उपायहरू | जोखिमका टिप्पणी |
| --- | --- | --- |
| तहको निर्वाचनको वर्ष हुने भएकोले यो कार्यक्रम कम प्राथमिकतामा पर्नसक्ने। | गर्न विषय विज्ञलाई आमन्त्रण गर्नुपर्दछ ।<br>• परियोजना छनोट तथा कार्यान्वयनमा अवाञ्छित प्रभाव पर्न नदिन प्राविधिक समिति, प्रदेश समन्वय समिति तथा प्रदेश कार्यक्रम कार्यान्वयन इकाईले थप अनुगमन लगायतमा ध्यान दिनुपर्नेछ ।<br>• चुनावी वर्षलाई ध्यानमा राख्दै यसको कार्यान्वयनलाई प्रारम्भिक विस्तार गर्दै दोश्रो बर्षमा गति दिने गरी व्यवस्थापन गर्ने । | |
| ९. नवप्रवर्तनको विषयमा समान बुझाई नहुन सक्ने र लागत साझेदारी प्रति आकर्षित नहुन सक्ने: नेपालको सन्दर्भमा यो नयाँ प्रयोग रहेको र वास्तविक सफलता नदेखी प्रदेश तथा स्थानीय तहहरू | • नव-प्रवर्तन साझेदारी कोष सञ्चालन कार्यविधी/निर्देशिका नेपाली भाषामा तयार गरी यसको क्षेत्र, प्रक्रिया र यसका फाईदाहरूको बारेमा | कार्यविधी/निर्देशिकाले न्यूनीकरणमा सहयोग गर्छ । |

| सम्भावित जोखिमका अवस्थाहरू | जोखिम न्यूनीकरणका उपायहरू | जोखिमका टिप्पणी |
|---|---|---|
| आकर्षित नहुन सक्ने । | उदाहरण सहित स्थानीय तह कसरी लाभान्वित हुन सक्दछन भन्ने विषयमा सुसूचित गर्ने । | |
| १०. महामारीको रोकथाम तथा उपचारमा खर्च हुन सक्ने: COVID -19 अवस्थाले प्रदेश तथा स्थानीय तहबाट नव-प्रवर्तन साझेदारी कोष को निर्दिष्ट कार्यमा भन्दा महामारी नियन्त्रण, जनशक्ति परिचालन, रोकथाम, उपचार जस्ता मानवीय कार्यमा खर्च हुन सक्ने । | • निर्देशिकाले महामारी नियन्त्रण, जनशक्ति परिचालन तथा राहत वितरण जस्ता विषयमा खर्च गर्न नमिल्ने स्पष्ट व्यवस्था गरेको छ । | प्रभावकारी अनुगमनको माध्यमबाट यस्तो जोखिमलाई घटाउन सकिन्छ । |
| ११. नवप्रवर्तनीय कार्य भन्दा पूर्वाधारमा खर्च हुन सक्ने: स्थानीय तहमा बढ्दो पूर्वाधारको विकासमा नव-प्रवर्तन साझेदारी कोष को खर्च हुन सक्ने । | • निर्देशिकाले भौतिक पूर्वाधार निर्माणमा खर्च गर्न नसकिने व्यवस्था स्पष्ट गरेको छ । | जोखिम न्यूनीकरणका उपायहरूबाट पूर्वाधारमा खर्च हुने संभावनालाई रोक्न सकिन्छ । |

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

सिंहदरबार, काठमाडौं